# नेपाल पत्रकार महासंघ
# Federation of Nepali Journalists (FNJ)
केन्द्रीय समिति,सञ्चारग्राम, काठमाडौं, नेपाल


मिति : २०८०।०७।०२

## प्रेस विज्ञप्ति

कान्तिपुर मिडिया ग्रुपबाट बलपूर्वक निष्कासन तथा गैरकानुनी सरुवा गरिएका पत्रकारको अधिकार प्राप्तिका लागि नेपाल पत्रकार महासंघले गरिरहेको भद्र आन्दोलनका बारेमा नेपाल मिडिया सोसाइटीको नाममा आएका आक्षेप र टिप्पणीप्रति नेपाल पत्रकार महासंघको गम्भीर ध्यानाकर्षण भएको छ ।

सोसाइटीले जारी गरेको विज्ञप्ति आम श्रमजीवी पत्रकारको कानुनी अधिकारको विरुद्धमात्र नभएर नेपाल पत्रकार महासंघमाथि प्रहार गर्ने उद्देश्यले प्रेरित रहेको महासंघको निष्कर्ष छ ।

कान्तिपुरमा कार्यरत ८२ जना पत्रकारलाई श्रमजीवी पत्रकार ऐनको विरुद्ध निष्कासन र सरुवा गरिएको साश्वत सत्यलाई बिर्सिएर महासंघविरुद्ध गरिएका अनेकौं कुतर्कको कुनै अर्थ नरहने स्पष्ट छ । सोसाइटीको नाममा आएको स्तरहीन विज्ञप्तिप्रति थप टिप्पणी गर्न महासंघ आवश्यक ठान्दैन । सोसाइटीमा आवद्ध सदस्य संस्थामा श्रमजीवी ऐनलगायतका कानुन पालना नभएकोबारे महासंघमा गुनासो छ । अतः श्रमजीवी पत्रकार ऐन आफ्नो संस्थामा तत्काल कार्यान्वयन गर्न महासंघ सोसाइटीको ध्यानाकर्षण गराउँदछ ।

साथै, केही दिनदेखि विभिन्न नाममा महासंघविरुद्ध भएका मिथ्या प्रचारले कान्तिपुरभित्र सम्पादकीय स्वतन्त्रता गम्भीर संकटमा परेको महासंघको निष्कर्ष छ ।

नेपाल पत्रकार महासंघले कान्तिपुर मिडिया ग्रुपमा थालेको आन्दोलन स्वरुप परिवर्तन गरेको छ । कात्तिक ३ गतेदेखि 'डिजिटल प्लेटफर्म' मार्फत आन्दोलन जारी राख्ने निर्णय गरिएको जानकारी गराइन्छ । दसैं विदापश्चात आन्दोलनलाई अन्तर्राष्ट्रिय समुदाय, नागरिक समाज र नागरिक तहलाईसमेत जोड्दै थप सशक्त र परिणाममूखी बनाइने छ ।

रोसन पुरी
महासचिव


Headquarters, Media Village, Kathmandu, Nepal
Phone : +977-1-5918673/5918763, Fax: +977-1-5914785, Email fnjnepalcentral@gmail.com, URL: www.fnjnepal.org